# नेपाल राष्ट्र बैंक

## केन्द्रीय कार्यालय

## भुक्तानी प्रणाली विभाग

मिति:-२०७६/०२/१०

भुक्तानी सम्बन्धी कार्य गर्ने सम्बन्धित सवै संस्थाहरु,

विषय: **अ.प्रा.निर्देशन नं. ५/०७५ मा संशोधन तथा थप गरिएको सम्बन्धमा।**

महाशय,

यस बैंकबाट अनुमतिपत्र प्राप्त भुक्तानी सम्बन्धी कार्य गर्ने संस्था/संयन्त्रलाई मिति २०७५/३/३१ मा जारी गरिएको अ.प्रा. निर्देशन नं. ५/०७५ मा देहाय बमोजिम संशोधन/थप गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

(१) अ.प्रा.निर्देशन नं. ५/०७५ को बुँदा नं. (१) को १.१ मा संशोधन/थप तथा (खण्ड) (छ) थप गरिएको सम्बन्धमा।

(क) सामान्यतया क्रेडिट कार्ड (Credit Card) बाट नगद कारोवार गर्न पाईने छैन। तर, ग्राहकलाई अत्यावश्यक भएको अवस्थामा क्रेडिट कार्डको स्वीकृत सीमा रकमको १० (दश) प्रतिशतसम्म नगद झिक्न बाधा पुगेको मानिने छैन।

(घ) नेपाल भित्र प्रति कारोवार न्यूनतम् रु.५००।- (अक्षरेपी पाँच सय) देखि अधिकतम रु.२५,०००।- (अक्षरेपी पच्चिस हजार) सम्म प्रिपेड कार्ड (Prepaid Card) बाट नगद झिक्न पाइने छ। तर, उपर्युक्त व्यवस्थाले बैंक तथा वित्तीय संस्थाहरुलाई ग्राहकको चाहना बमोजिम नगद झिक्न सक्ने अधिकतम् सीमा निर्धारण गर्न वाधा पुऱ्याएको मानिने छैन।

(च) बैंक तथा वित्तीय संस्थाहरुले Issuer र Acquirer फरक संस्था भई डेबिट कार्ड (Debit Card) बाट रकम झिक्दा एक पटकमा माथि बुँदा नं. (ङ) मा उल्लेख गरिएको प्रति कारोवार न्यूनतम रु.५००।- (अक्षरेपी पाँच सय) देखि अधिकतम रु.२५,०००।- (अक्षरेपी पच्चिस हजार) सम्म झिक्न सक्ने व्यवस्था गर्नुपर्ने छ। साथै, यस प्रकारको कारोवारमा लिने सेवा शुल्क अनिवार्य रुपमा सार्वजनिक गर्नुपर्ने छ।

(छ) बैंक तथा वित्तीय संस्थाहरुले जारी गरेका NFC (Near Field Communication Technology) Contactless कार्डमार्फत् कारोवार गर्दा प्रतिपटक रु.२०००।- (अक्षरेपी दुई हजार) सम्मको कारोवारको लागि PIN आवश्यक हुने छैन। यस प्रकारको कारोवारको लागि कारोवार संख्या र जोखिम न्यूनीकरण गर्ने व्यवस्थाहरु बैंक तथा वित्तीय संस्थाहरु स्वयम्ले निर्धारण गर्नुपर्ने छ।

(२) अ.प्रा.निर्देशन नं.५/०७५ को बुँदा नं. (१) को १.२ मा थप/संशोधन तथा (खण्ड) (च) थप गरिएको सम्बन्धमा ।

(क) मोबाइल बैंकिङ्गको माध्यमबाट भुक्तानी सम्बन्धी कारोवार गर्दा प्रति दिन अधिकतम रु.५०,०००।- (अक्षरेपी पचास हजार) सम्मको कारोवार गर्न पाइने छ । साथै, कारोवारको विल वा विवरण प्राप्त हुने अवस्थामा बाहेक मासिकरुपमा रु.१,००,०००।- (अक्षरेपी एक लाख) भन्दा बढीको भुक्तानी/जम्मा गर्न पाइने छैन् ।

(ख) इन्टरनेट बैंकिङ्गको माध्यमबाट भुक्तानी कारोवार गर्दा (Merchant Payment) प्रति दिन अधिकतम रु.१०,००,०००।-(अक्षरेपी दश लाख) सम्मको कारोवार गर्न पाइने छ । तर, मासिक रुपमा अधिकतम रु.३०,००,०००।- (अक्षरेपी तीस लाख) भन्दा बढीको भुक्तानी/जम्मा कारोवार गर्न पाइने छैन् ।

(ग) इन्टरनेट बैंकिङ्गको माध्यमबाट बैंक तथा वित्तीय संस्थाहरुको खातामा ट्रान्सफर (Account Transfer) गर्दा प्रति दिन अधिकतम रु.१०,००,०००।- (अक्षरेपी दश लाख) सम्मको कारोवार गर्न पाइने छ । तर, मासिक रुपमा अधिकतम रु.५०,००,०००।- (अक्षरेपी पचास लाख) भन्दा बढीको ट्रान्सफर गर्न पाइने छैन ।

(च) मोबाइल बैंकिङ्ग सेवा अन्तरगत QR (Quick Response) Code को माध्यमबाट भुक्तानी/रकमान्तर गर्दा माथि बुँदा नं. (क) को सीमाभित्र रही कारोवार गर्नुपर्ने छ ।

(३) अ.प्रा.निर्देशन नं. ५/०७५ को बुँदा नं. (२) मा थप/संशोधन तथा (खण्ड) (ख), (घ), (ङ) हटाईएको र खण्ड (च) थप गरिएको सम्बन्धमा ।

**(ग)** Agent वा Sub–Agent मार्फत् प्रति दिन अधिकतम रु.२५,०००।- (अक्षरेपी पच्चिस हजार) सम्मको भुक्तानी/जम्मा गर्न सकिने छ । साथै, मासिक रुपमा अधिकतम रु.५०,०००।- भन्दा बढी भुक्तानी/जम्मा गर्न पाइने छैन् । तर, ग्राहकले माग गरेको अवस्थामा Agent वा Sub–Agent मार्फत प्रति महिना रु.२५,०००।- (अक्षरेपी पच्चिस हजार) भन्दा वढी नहुने गरी प्रति दिन रु.५,०००।- (अक्षरेपी पाँच हजार) सम्म नगद भुक्तानी गर्न वाधा पुगेको मानिने छैन ।

(च) विद्युतीय भुक्तानी माध्यमबाट गरिने कारोवारको सीमासम्बन्धी व्यवस्था भुक्तानी सेवा प्रदायक संस्थाहरुले नियुक्त गरेको Agent वा Sub Agent र संस्थागत ग्राहकहरुको हकमा लागु हुने छैन ।

(४) अ.प्रा.निर्देशन नं.५/०७५ को बुँदा नं. (३) मा संशोधन गरिएको सम्बन्धमा ।

(ख) बैंक तथा वित्तीय संस्थामा रहेको खाताबाट Wallet मा, Wallet बाट बैंक खातामा, एक Wallet बाट अर्को Wallet मा रकम ट्रान्सफर गर्दा प्रति दिन रु.२५,०००।- (अक्षरेपी पच्चिस हजार) सम्म ट्रान्सफर गर्न पाइने छ । तर, मासिक रुपमा अधिकतम रु.५०,०००।- (अक्षरेपी पचास हजार) भन्दा बढीको ट्रान्सफर गर्न पाइने छैन ।

(५) अ.प्रा.निर्देशन नं.५/०७५को बुँदा नं. (४) मा संशोधन गरिएको सम्बन्धमा ।

(ग) भुक्तानी सेवा प्रदायक संस्थाहरुले सञ्चालन गरेका ATM जस्ता भुक्तानी उपकरणहरुबाट वस्तु वा सेवा खरिदको बिल भुक्तानी गर्दा प्रति दिन रु.२५,०००।- (अक्षरेपी पच्चिस हजार) सम्मको कारोवार गर्न पाइने छ । तर, मासिक रुपमा रु.५०,०००।- (अक्षरेपी पचास हजार) भन्दा बढीको कारोवार गर्न पाइने छैन ।

भवदीय,

(देव कुमार ढकाल)

कार्यकारी निर्देशक

**बोधार्थ:**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरवार, काठमाडौं ।
३. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रबर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
९. श्री नेपाल बैंकर्स संघ, थापाथली, काठमाडौं ।
१०. श्री नेपाल डेभलपमेन्ट बैंकर्स संघ, अनामनगर, काठमाडौं ।
११. श्री नेपाल वित्तीय संस्था संघ, काठमाडौं ।
१२. श्री भुक्तानी प्रणाली सञ्चालक तथा भुक्तानी सेवा प्रदायक संस्थाहरु ।